आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

## आरुघाट गाउँपालिका

## आ.व.२०७७।०७८ को बजेट, कार्यक्रमको बक्तव्य

आदरणीय सभाध्यक्ष ज्यू ,

सभा सदस्य ज्यूहरु,

१. विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारणले उत्पन्न असामान्य परिस्थितिका बीचं यस आरुघाट गाँउपालिकाको आर्थिक वर्ष २०७७।०७८ को बार्षिक बजेट पेश गर्ने अनुमति चाहन्छु।

२. सर्वप्रथम, लोकतन्त्र प्राप्तीको आन्दोलनको कठिन परिस्थितिमा त्याग र नेतृत्व प्रदान गर्नुहुने अग्रज राजनितिज्ञहरु प्रति उच्च सम्मान प्रकट गर्दछु र विभिन्न ऐतिहासिक आन्दोलनमा आफ्नो जीवनको आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। साथै विश्व महामारीका रुपमा फैलिएको कोभिड—१९ बाट संक्रमित भई उपचाररत सवै व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु र कोभिड—१९ का कारण ज्यान गुमाउनुहुने प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु। कोरोना भाइरस महामारीका विरुद्ध अग्रपंक्तिमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि, राष्टसेवक कर्मचारी, संचारकर्मी र आम नागरिक सम्पूर्णमा उच्च सम्मान प्रकट गर्दछु।

३. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभीड—१९ को कारण विश्वले एकैपटक अप्रत्याशित मानवीय र आर्थिक संकट सामना गर्नुपरेको छ। स्वास्थ्य संकटबाट अर्थतन्त्र, मानवीय जीवनपद्धतीमा असहज अवस्था सिर्जना गरेको छ। यस विषम घडीमा सवै राजनितिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, संघ संस्था र आम नागरिकको सहयोग र ऐक्यवद्धताले वर्तमान चुनौती सामना गर्न सकिन्छ भन्ने हाम्रो दृढ विश्वास रहेको छ।

४. आगामी आर्थिक बर्ष २०७७।७८ को बजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रही प्राकृतिक, साँस्कृतिक र विभिन्न भौगोलिक विविधता युक्त यस गाँउपालिकालाई समृद्ध बनाउन पर्यटन, कृषि, र पुर्वाधारमा समृद्ध बनाई मानव जीवन रक्षा गर्ने, भविष्यप्रति आधारयुक्त आशा जगाउने र अर्थतन्त्रको पुनरुत्थान गर्दै तीव्र विकासको बाटोमा लैजाने गरी हाम्रा सम्पूर्ण स्रोत साधन यसैमा परिलक्षित रहेका छन्।

**श्रद्धेय सभाध्यक्ष**

**एवं सदस्य ज्यूहरु,**

५. यो बजेट तर्जुमा गर्दा मूलतः नेपालको संविधान, पन्ध्रौं योजना र दिगो विकासका लक्ष्य, गण्डकी प्रदेशको प्रथम आवधिक योजना, स्थानीय सरकार संचालन ऐन र यस आरुघाट गाउँपालिकाको नीति कार्यक्रम, विनियोजन विधेयक समेतलाई आधार बनाएको छु। बजेट तर्जुमाको सिलसिलामा राजस्व परामर्श समिति, विभिन्न विषयगत समिति, संघ संस्था, राजनितिक दल, नागरिक समाज एवं विद्वत वर्ग लगायत सवै वर्गबाट प्राप्त सुझावलाई समेत ध्यान दिएको छु।

६. सिमित स्रोत साधनले असिमित माग र बढ्दो आकांक्षा एकैपटक सम्बोधन गर्न नसकिने यथार्थता एकातर्फ छ भने स्रोतको न्यूनताको कारण हामीले चाहे जस्तो विकासका कार्यहरुमा लगानी बृद्धि गर्न सकिएको छैन।यो बजेट तर्जुमा गर्दा नेपाल सरकार र गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने सर्शत अनुदान, वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदान, राजश्व बाँडफांड र गाउँपालिकाको आन्तरिक आम्दानी समेतको अनुमानमा स्थानीय स्रोत र साधनको परिचालन गरी सेवा, उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना र

कार्यक्रममा केन्द्रित गरी सकेसम्म गाउँपालिकाको समग्र विकासलाई सन्तुलित बनाउने गरि बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु।

आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

<u>**चालु आ.व. २०७६।७७ को संसोधित आय अनुमान**</u>

चालु आ.व २०७६।०७७ मा आय अनुमान ४८ करोड छ लाख उनान्सत्तरी हजार रहेकोमा संशोधित आय **अनुमान छयालिस करोड एकसठ्ठी लाख बयालीस हजार** रहेको छ। जसमा आन्तरिक आयतर्फ **पचहत्तर लाख**, संघीय वित्तीय समानकिरण तर्फ **१३ करोड १३ लाख**, सशर्त अनुदान तर्फ **१७ करोड ७१ लाख ५९ हजार**, संघीय सरकार राजस्व बाँडफाँड तर्फ ४ **करोड ९३ लाख**, प्रदेश वित्तीय समानीकरण अनुदान **९८ लाख ५४ हजार**, प्रदेश सरकार राजस्व बाँडफाँडबाट **२६ लाख ८३ हजार**, संसोधित अनुमान रहेको छ।

<u>**चालु आ.व २०७६।७७ को संशोधित व्यय अनुमान**</u>

चालु आ.व. को लागी व्यय अनुमान ४८ करोड छ लाख उनान्सत्तरी हजार रहेकोमा संशोधित व्यय अनुमान **छत्तिस करोड** रहेको छ। जसमा संसोधित चालू खर्च **२३ करोड** अनुमान रहेको छ भने संसोधित पुँजीगत खर्च तर्फ **तेह्र करोड** गरी जम्मा संसोधित खर्च अनुमान **३६ करोड** रहेको छ र हालसम्मको वित्तीय प्रगती करिव ७० प्रतिशत रहेको छ।

७. **चालु आ.व. २०७६।७७ मा प्राप्त मुख्य उपलब्धिहरु :**

- पूर्वाधार तर्फ नयाँ ट्र्याक निर्माण २९.५ किलो मिटर, ३२.१२ किलोमिटर सडक स्तरोन्नती, ५०लाख १८ हजार लागतमा २२वटा मठ मन्दिर निर्माण सम्पन्न भएको छ।
- जिल्ला समन्वय समिति र गाउँपालिकाको सहकार्यमा यस गाउँपालिकाको वडा नं ८ र १० को कार्यालयको भवन ठेक्का स्वीकृत भई कार्यान्यवनको चरणमा रहेको छ।

- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम तर्फका सवै योजनाहरु सम्पन्न भएका छन्।
- **एक स्थानीय तह एक खेल ग्राम** कार्यक्रम अन्तर्गत संघीय सरकार र यस गाउँपालिकाको सहकार्यमा खेल मैदानको निर्माण भईरहेको छ।
- **त्यस्तै प्रदेश सरकारको सहयोगमा वडा नं. २ मा मिनी रंगशाला निर्माण कार्या संचालन भई रहेको छ ।**
- **स्वास्थ्य सेवा** तर्फ वडा नं ४ र वडा नं ६ मा खोप केन्द्र निर्माण तथा वडा २, ३, ५, ६, ७ र १० मा सामुदायिक स्वास्थ्य इकाइ संचालन सुरुवात गरिएको, प्रत्येक स्वास्थ्य चौकीमा माग भए अनुसारको औषधी आपूर्ति व्यवस्था गरिएको, बर्थिङ्ग सेन्टरमा २४ सै घन्टा सेवा उपलब्ध गराइएको, कोभिड–१९ को महामारीको समयमा पनि राष्ट्रिय अभियान दादुरा रुवेला खोप कार्य सम्पन्न गरिएको, कोभिड–१९ को माहामारीमा स्वास्थ्य संस्था, समुदाय र गाउँपालिका सँग समन्वय गरी महामारीको प्रतिकार्यमा सुरुवाती चरण देखिनै क्वारेन्टाईन को व्यवस्थापन गर्दै हाल १५बेडको आइसोलेसन वाड निर्माण गरि संचालनमा ल्याइएको, लकडाउनको समयमा पनि स्वास्थ्य संस्थाबाट औषधी व्यवस्थापन गरिएको छ।
- **शिक्षा सेवा** तर्फ सबै माद्यामिक बिद्यालयमा विद्युतीय हाजिरीको व्यस्थापन गरिएको, दरबन्दी मिलान तथा तलब निर्धारण सम्बन्धी कार्यबिधि बनाई यसै साल देखि लागु हुनेगरी कक्षा थपघट गरिएको, विभिन्न २ वटा बिद्यालयमा २ वटा शौचालय,१ ECD व्यवस्थापन, १ बिज्ञान ल्याब,स्थानीय स्रोत , २ ICT, १ वटा पुस्तकालय, १ उत्कृष्ट विद्यालय अनुदान प्रदान गरिएको छ।
- **कृषि सेवा** तर्फ साना सिंचाई कार्यक्रम ११ वटा, बिउ वितरण प्लास्टिक टनेल वितरण ३० वटा, अनुदानमा हाते ट्र्याक्टर वितरण २४ वटा, हिउँदे सिंचाईको लागी ७ वटा पलाष्टिक

पोखरी निर्माण अनुदानमा आलु बिउ वितरण १२०० के.जी, १ घर १ फलफुल कार्यक्रम बमोजिम निशुल्क फलफुल बिरुवा (सुन्तला, कागती, लिची ) वितरण ७५०० वटा वितरण भएको छ।

- **पशु सेवा** तर्फ भकारो सुधार कार्यक्रम १५ वटा, दुधालु मुर्रा भैंसी वितरण ९ वटा मुर्रा राँगो बितरण २ वटा, पशु स्वास्थ्य शिबिर संचालन ७ ठाउँमा, उन्नत जातको बयाड बोका वितरण १० वटा, भेडाको थुमा ४ वटा वितरण भएको छ।

**८. आगामी आ.व. २०७७।०७८ को प्रस्तावित आय व्यय अनुमान**

**३१.१ आय अनुमान :**

आगामी आर्थिक वर्ष २०७७।०७८ का लागि कुल **५४ करोड ८१ लाख** आय अनुमान गरेको छु। जसमध्ये आन्तरिक आय स्रोतबाट रु. साठी लाख अनुमान गरेको छु। संघीय सरकारको वित्तिय समानीकरण अनुदान तर्फ तेह्र **करोड पन्ध्र लाख,** राजस्व बांडफांडबाट **सात करोड पचहत्तर लाख छयालीस हजार छ सय छयासी** समपूरक अनुदान तर्फ छयानब्बे लाख सशर्त अनुदान तर्फ **बिस करोड तेत्तिस लाख** रहेको छ। त्यस्तै प्रदेश सरकारको वित्तिय समानीकरण तर्फ **एक करोड बाइस लाख एकतिस हजार,** प्रदेश सरकारको राजस्व बांडफांडबाट **तेत्तिस लाख तिरहत्तर हजार,** समपूरक अनूदान तर्फ **पचास लाख,** प्रदेश सरकार शशर्त अनुदान **पचास लाख** र चालू आर्थिक बर्ष २०७६।०७७ को बैक मौज्दात **नौ करोड पैतालिस लाख उनन्पचास हजार तिन सय चौधको** अनुमान गरेको छु।

**३२.२ व्यय अनुमान :**

आगामी आ.व २०७७।०७८ का लागि **कुल ५४ करोड ८१ लाख रुपैयाको** व्यय अनुमान गरेको छु। जसमध्ये प्रशासनिक खर्च **छ करोड पचास लाख** रुपैया रहेको छ। नेपाल सरकार बाट प्राप्त

सशर्त अनुदान बजेट (शिक्षा सेवा, स्वास्थ्य सेवा, कृषि शाखा, पशु सेवा तर्फका कर्मचारीहरु तथा शिक्षकहरुको पारिश्रमिक खर्च र विकासात्मक क्रियाकलापहरु) तर्फ **बिस करोड तेतिस** लाख विनियोजन गरेको छु। त्यसै गरी गण्डकी प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानको लागि रु. ५० लाख बिनियोजन गरेको छु ।

गत बर्षको मौज्दात रकमबाट गत बर्ष नै कार्य प्रारम्भ भएका अधुरो रहेका तथा कार्य सम्पन्न नभएका योजनाहरु एवं गाउँपालिका मार्फत भुक्तानी गर्नु पर्ने किसिमको दायित्व बहन गर्नु पर्ने योजना तथा गत बर्ष लगाइएका ठेक्का कार्यहरुमा एकमुस्ट रु. पांच करोड नौ लाख रुपैया बिनियोजन गरेको छु ।

गत बर्ष कुल खर्च नभएको र कुनै पनि दायित्व नभएको रकमलाई अ.ल्या. गरी रु. चार करोड छत्तिस लाख उनन्पचास हजार तिन सय चौध मध्ये समग्र गाउँपालिका एवं वडाको पुँजीगत प्रकृतिको कार्यहरु गर्न, भवन निर्माण तथा मर्मत गर्न, सानोतिनो खानेपानी, सिंचाई व्यवस्थापन गर्न, ढल व्यवस्थापन गर्न, स्वास्थ्य क्षेत्र व्यवस्थापन गर्न, बुढीगण्डकी डुबानको अवस्थालाई व्यवस्थित गर्न एवं न्यायिक समितिलाई गरी रु. दुई करोड त्रिसठ्ठी लाख रुपैया बिनियोजन गरेको छु । यसै अल्या. रकम मध्ये वडागत बिकास तर्फ रु. एक करोड तेइस लाख उनन्पचास हजार तिन सय चौध रुपैयाँ थप गरी कुल छ करोड पुर्याईएको छ । गाउँपालिका स्तरीय पूर्वाधार बिकासको योजना एवं सशर्त योजनामा गाउँपालिकाबाट बहन गर्नु पर्ने दायित्वको लागि एकमुस्ट रु. पचास लाख छुट्ट्याएको छु ।

त्यसै गरी गाउँपालिका स्तरीय पूर्वाधार बिकास तर्फ एक मुस्ट ४ करोड एकाउन्न लाख रुपैयाँ बिनियोजन गरेको छु । यसमा संघीय सरकारबाट प्राप्त समपुरक अनुदानबापतको योजनामा

गाउँपालिकाबाट कुल रु. ९६ लाख बिनियोजन गरिएको छ । त्यस्तै प्रदेश सरकारबाट प्राप्त रु. ५० लाख को समपुरक योजनामा गाउँपालिकाबाट रु. ५० लाख नै बिनियोजन गरिएको छ ।

बन विपद तथा बातावरण तर्फ एकमुस्ट रुपमा रु. ४५ लाख बिनियोजन गरेको छु ।

शिक्षा तर्फ एकमुस्ट रु. २ करोड बिनियोजन गरेको छु ।

सामाजिक समावेशीकरणको क्षेत्रमा एकमुस्ट रु. ५० लाख बिनियोजन गरेको छु ।

आर्थिक बिकास अन्तर्गत कृषि, पशु, सहकारी, भुमि व्यवस्थापनको क्षेत्रमा एकमुस्ट रु. २ करोड बिनियोजन गरेको छु ।

वडागत बिकास निर्माण कार्यको लागि एकमुस्ट रुपमा रु. ६ करोड बिनियोजन गरेको छु ।

**श्रद्धेय सभाध्यक्ष**

**एवं सदस्य ज्यूहरु,**

९. उल्लेखित बजेट कार्यान्वयनको लागि समग्र सहभागितात्मक पद्धतीबाट बस्ती गाउँ टोल हुंदै गाउँ कार्यापालिकाबाट तय भएका अनुसुचिमा उल्लेखित आयोजना तथा कार्यक्रम र विनियोजित बजेट माथि छलफल तथा स्वीकृतीको लागि अनुरोध गर्दछु।

१०. कोभिड–१९ महामारीको प्रभाव र असरका कारणले बजेटको स्रोतमा संकुचन भएको अवस्थामा प्रस्तुत बजेट तथा कार्यक्रमहरुमा पनि प्रभाव र असर पर्न सक्ने अनुमान गरेको छु।

११. प्रस्तावित बजेट तर्जुमा गर्दा गाउँपालिकाको आन्तरिक आय, संघिय सरकारबाट प्राप्त बजेट, प्रदेश सरकारबाट प्राप्त बजेट तथा प्राथमिकताका क्षेत्र, गाउँ पालिकाको प्राथमिकताका क्षेत्रहरु, नागरिकबाट आवश्यक ठानिएका योजनाहरु, नागरिक समाज, गैर सरकारी संस्थाहरु लगायत सम्पुर्ण महानुभावहरु सबैको अमुल्य सुझावलाई उपलव्ध श्रोत साधनको सिमा भित्र रहि समेट्ने प्रयास गरेको छु।

१२. गाँउपालिकाको स्रोत र क्षमता अनुसार विभिन्न समिति, उपसमितिहरु र गाँउ कार्यपालिकामा व्यापक छलफल गरी बजेटलाई सन्तुलित र दिगो बनाउने प्रयास गरिएको छ। गाउँपालिकाको स्रोत साधनले समेट्न नसकेका ठूला योजनाहरु प्रदेश सरकार र केन्द्रीय सरकारको सहकार्यमा संचालन गर्न स्रोतको व्यवस्था गरेको छु। थप योजनाहरुको संचालनको लागि प्रदेश सरकार र संघीय सरकारमा पहल गरिने व्यहोरा समेत अनुरोध गर्न चाहन्छु।

१३. अन्तमा, सबैको सकारात्मक, अर्थपुर्ण र साझेदारी युक्त सहयोगबाट मात्र बजेट कार्यान्वयनमा सफलता प्राप्त हुने कुरामा दुईमत हुन सक्दैन। तसर्थ प्रस्तुत बजेट कार्यान्वयन, अनुगमन, मुल्यांकनमा आ—आफ्नो तर्फबाट सहयोग पुर्याउन सम्पुर्ण जनप्रतिनिधिहरु, बुद्धिजिबीहरु, राजनैतिक दल, सरकारी, गैर सरकारी संघ संस्थाहरु, उद्योगी व्यवसायीहरु, नागरिक समाज, उपभोक्ता समितिहरु लगायत सरोकारवाला सम्पुर्णबाट महत्वुपुर्ण र सार्थक सहयोग प्राप्त हुने अपेक्षा गरेको छु। बजेट तथा कार्यक्रम तर्जुमामा सहयोग पुऱ्याउनुहुने सम्पुर्ण कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु एवं राष्ट्रसेवक कर्मचारीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। प्रस्तुत बजेट र अनुसुचिमा संलग्न आयोजना तथा कार्यक्रमहरुलाई यस सम्मानित सभाबाट गहन छलफलका साथ पारित गर्नुहुनेछ भन्ने अपेक्षा गरेको छु।

धन्यबाद।